نيبالي

# ईस्लामी आस्थाको असूल



# أصول العقيدة


المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بسلطانة
تحت إشراف وزارة الشؤون الإسلامية والأوقاف والدعوة والإرشاد

سلطانة
Sultanah

# أصول العقيدة

أعده وترجمه للغة النيبالية

شعبة توعية الجاليات بالزلفي

الطبعة الأولى ١٤٣٣هـ


ح شعبة توعية الجاليات بالزلفي ، ١٤٣٣هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

شعبة توعية الجاليات بالزلفي
أصول العقيدة / شعبة توعية الجاليات بالزلفي
١٤٣٣هـ
٣٩ ص : ١٢ × ١٧ سم
ردمك : ٤ - ٣٠ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨
(النص باللغة النيبالية)
١- العقيدة الإسلامية أ - العنوان

ديوي ٢٤٠ ١٤٣٣ / ٨٥٢٣

رقم الإيداع : ٨٥٢٣ / ١٤٣٣
ردمك : ٤ - ٣٠ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨

الصف والإخراج : شعبة توعية الجاليات بالزلفي

# أصول العقيدة
# आस्थाको असूल

## तौहिद र त्यस्को प्रकार।

अल्लाहको पुजा र विशेषतामा उस्लाई एक मान्नुलाई तौहिद भनिन्छ, यो चाहिं अल्लाहको सबभन्दा ठुलो आदेश हो, अल्लाह तआलाले भन्नु हुन्छ ﴿قُلْ هُوَ ٱللَّهُ أَحَدٌ﴾ الإخلاص:١ हे मोहम्मद! तपाई भनिदिनुस कि त्यो अल्लाह एक छ।

अर्को ठाउँमा भन्नु हुन्छ ﴿وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ﴾ الذاريات: ٥٦ मैले दानव र मानवहरुलाई मात्र आफनो उपासनाको लागि सृष्टि गरेको छु।

र एउटा अर्को ठाउँमा भन्नु हुन्छ ﴿وَٱعْبُدُوا۟ ٱللَّهَ وَلَا تُشْرِكُوا۟ بِهِۦ﴾ النساء: ٣٦ अल्लाह कै पुजा गर र उस्को साथमा अरु कसैको साझेदारी नगर।

तौहिद तीन प्रकारका छन्, तौहिद रोबुबियत, तौहिद ओलुहियत, र तौहिद अस्मा वस्सिफात।

## पर्थम : तौहिद रोबुबियत।

सृष्टि र संसारको शासनमा अल्लाहलाई एक मान्ने र यो मान्ने कि जीवीकाको मालिक अल्लाह छ, जीवन र मृत्यु उसैको हातमा छ, धरति र आकाश सबै उस्को जागीर छ, अल्लाह तआलाले भन्नु हुन्छ ﴿هَلْ مِنْ خَٰلِقٍ غَيْرُ ٱللَّهِ يَرْزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلْأَرْضِ ۚ لَآ إِلَٰهَ إِلَّا هُوَ ۖ فَأَنَّىٰ تُؤْفَكُونَ﴾ فاطر: ٣ के अल्लाह बाहेक अरु कोही

सृष्टिकर्ता छ जस्ले तिमीलाई आकाश र धरतिबाट जीवीका प्रदान गरिरहेका छम्? उस बाहेक कोही पुज्य प्रभु छैन, त्यसो भए तिमी कता मार्ग बिचलित भइ रहेका छौं ?

अर्को ठाउँमा भन्नु भयो ﴿ تَبَٰرَكَ ٱلَّذِى بِيَدِهِ ٱلْمُلْكُ وَهُوَ عَلَىٰ كُلِّ شَىْءٍ قَدِيرٌ ﴾ الملك:١ त्यो जस्को हातमा राज्यसत्ता छ धेरै बरकतवाला छ र हरेक कुरा माथि सर्वशक्ति सम्पन्न छ ।

अल्लाहको सत्ता र शासन चाहिं संसारको सबै वस्तु माथि लागु हुन्छ, वहाँले जस्तो चाहनु हुन्छ भने त्यस्तो आदेश जारी गर्नुहुन्छ, सम्पुर्ण सृष्टिमा मात्र अल्लाहको आदेश चलिरहेछ, अल्ला तआलाको भनाइ छ : ﴿ أَلَا لَهُ ٱلْخَلْقُ وَٱلْأَمْرُ ۗ تَبَارَكَ ٱللَّهُ رَبُّ ٱلْعَٰلَمِينَ ﴾ الأعراف: ٥٤ हेर! सम्पुर्ण सृष्टि उसैको हो र आदेश पनि उसैको हो, अल्लाह सर्वगुण सम्पन्न हो जो सबै ब्रहमाण्डको पालन्कर्ता हो ।

तौहिदको यस प्रकारलाई थोरै मानिसहरुले नकारेका छन्, त्यो पनि भित्र मनले होइन बरु मुखले मात्र नकारेका छन्, अल्लाह तआलाले भन्नु भएकोछ ﴿ وَجَحَدُوا۟ بِهَا وَٱسْتَيْقَنَتْهَآ أَنفُسُهُمْ ظُلْمًا وَعُلُوًّا ﴾ النمل: ١٤ उनीहरुले अत्याचार र घमण्डका कारण इन्कार गरे जबकि उनीहरुका हृदयले विशवास गरिसकेको थिए।

तर मात्र यस तौहिद माथि विशवास राखेर कुनै फायदा हुंदैन, जस्तो कि मुशरिकहरुलाई यस्को फायदा भएन, अल्लाह तआलाले भन्नु हुन्छ ﴿ وَلَئِن سَأَلْتَهُم مَّنْ خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ وَسَخَّرَ ٱلشَّمْسَ وَٱلْقَمَرَ لَيَقُولُنَّ ٱللَّهُ ۖ فَأَنَّىٰ يُؤْفَكُونَ ﴾ العنكبوت: ٦١ यदि तपाई उनीहरुसित सोध्नु हुन्छ कि आकाश र धरतिलाई कस्ले सृष्टि गर्यो र सुर्य र

चंद्रमालाई कस्ले काममा लगायो? त उनीहरुले भनिहाल्छ कि अल्लाहले, फेरि उनिहरु कता बिमुख भई जाँदैछन् ।

## दोश्रो : तौहिद ओलुहियत ।

यो विशवास राखने कि सबै प्रकारको पुजा र उपासना मात्र अल्लाहका लागि हुन्, र उस्को उपासनामा अरु कसैलाई साझेदार न बनाउने, तौहिदको सबै प्रकारहरु मध्ये यही तौहिद सबभन्दा अधिक महत्वपुर्ण र ठुलो हो, यंसैको लागि अल्लाहले सृष्टिको रचना गरेको छ, अल्लाह तआलाले भन्नु भयो ﴿وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنسَ إِلَّا لِيَعْبُدُونِ﴾ الذاريات: ٥٦ मैले जिन्न र मानिसहरुलाई मात्र आफनो उपासनाका लागि सृष्टि गरेका छौं । अल्लाहले यसैका लागि सन्देष्टा पठाउनु भएका छन् र यसैका लागि ग्रन्थ अवतरित गरिएका छन्, अल्लाह तआलाले भन्नु भयो ﴿وَمَا أَرْسَلْنَا مِن قَبْلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَٰهَ إِلَّا أَنَا فَاعْبُدُونِ﴾ الأنبياء: ٢٥ जुन सन्देष्टाहरुलाई पनि हामीले तिमी भन्दा अगाडि पठायौं, तिनीहरुलाई यही सन्देश पठायौं कि म बाहेक कोही सत्य पुज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर।

र जब सन्देष्टाहरुले त्यस तर्फ बोलाउनु भयो त यस तौहिदलाई नै मुशरिकहरुले नकारनु भयो, अल्लाह तआलाले भन्नु हुन्छ ﴿قَالُوا أَجِئْتَنَا لِنَعْبُدَ اللَّهَ وَحْدَهُ وَنَذَرَ مَا كَانَ يَعْبُدُ آبَاؤُنَا﴾ الأعراف: ٧٠ तिनीहरुले भन्नथाले, के तपाई हामीतिर यस कारणले आउनुभएको हो कि हामी एउटै अल्लाहको पुजा गर्न थाल्यौं, र जस्लाई हाम्रा पुर्वजहरुले पुज्दै आएकाथिए तिनलाई छाडिदिऔं?

तसर्थ कुनै किसमको उपासना अल्लाह बाहेक अरु कसैको लागि जायज छैन, नत कुनै देवदुतको लागि, न कुनै सन्देष्टाको लागि,

न कुनै रिशीमुनीको लागि, न अरु कसैको लागि, किन भने उपासना चाहिं मात्र अल्लाहका लागि हुन् ।

## तेश्रो : तौहिद अस्मा वस्सिफात ।

अल्लाहले आफनो जुन नाम राखेका छन् र आफनो जुन महान गुण र विशेषताहरु ब्यान गरेका छन् अथवा सन्देष्टा मोहम्मदﷺ ले वहाँको जुन नाम, र महान गुण र विशेषताहरु ब्यान गरेका छन् ति नाम र गुणहरु माथि यस्तो विशवास राखने जस्तो अल्लाहको लागि उचित र सुहाँदो छन्, कुनै किसमको हेरफेर र अदलीबदली अथवा घटथप नगर्ने, तिनीहरुलाई न नकारने, नत आफनो मनमानी तपसिल र विवरण स्पष्ट गर्ने, त्यस्तै अल्लाहका गुण र विशेषताहरुलाई मानिसहरुको गुण र विशेषताहरु जस्तै न सम्भने, नत तिनीहरुको उदाहरण ब्याण गर्ने, र यो मान्ने कि ति नाम र गुणहरु मात्र नमुना होइन बरु वासतविक्ता माथि अधारित छन्, र जुन कुराहरुलाई अल्लाहले आफु प्रति मनाही गरेका छन् अथवा वहाँको सन्देष्टा मोहम्मदﷺ ले मनाही गरेका छन् त्यस्लाई नकारने, र जुन कुराहरुको बारेमा मनाही भएको छैन र पुष्टि पनि भएको छैन भने त्यस बारे चुपलाग्ने, नत त्यस्लाई स्विकारने न नकारने ।

## पवित्र नामको उदाहरण ।

अल्लाहले आफनो एउटा नाम *(अलहैयु-ल-कैयुम)* राखनु भएछ, यसो भए अल्लाहको नाम मध्ये एउटा नाम *(अल्हैयु)* हो भन्ने कुरामा विशवास राख्नु जरुरि हुन्छ, र यस नाममा जुन् प्रकारको गुण र विशेषता छ त्यस माथि पनि विशवास राखनु जरुरि हुन्छ, र त्यस्को अर्थ हो- "यस्तो परिपुर्ण जीवन जस्को शुरुवात पनि छैन र अन्त पनि छैन"।

त्यस्तै अल्लाहले आफनो एउटा नाम *(अस्समी)* राखिएको छ, तसर्थ अल्लाहको नाम मध्ये एउटा नाम *(अस्समी)* हो भने कुरामा विशवास राख्नु जरुरि हुन्छ, र साथै यो अल्लाहको एउटा विशेषता र गुण पनि हो जस्को अर्थ हो - "*सुन्नेवाला*" ।

## विशेषता र गुणको उदाहरण

अल्लाह तआलाले भन्नु हुन्छ ﴿وَقَالَتِ ٱلْيَهُودُ يَدُ ٱللَّهِ مَغْلُولَةٌ ۚ غُلَّتْ أَيْدِيهِمْ وَلُعِنُوا۟ بِمَا قَالُوا۟ ۘ بَلْ يَدَاهُ مَبْسُوطَتَانِ يُنفِقُ كَيْفَ يَشَآءُ ۚ﴾ المائدة: ٦٤ यहुदीले भने कि अल्लाहको हात बाँधिएको छ, तर वास्तवमा तिनीहरुकै हात बाँधिएको छ, यस भनाइको कारण तिनीहरु तिरस्कृत भए, बरु अल्लाहका दुवै हात खुल्ला छन्, जुन किसमबाट र जति चाहन्छ खर्च गर्दछन् ।

यहाँ अल्लाहले आफु प्रति आफनो दुवै हात प्रमाणित गरिदिएको छ जस्को विशेषता यो हो कि त्यो उपहार र पुरस्कारको लागि खोलिएको छ, तसर्थ उपहार र पुरस्कारको लागि खोलिएको अल्लाहको दुइवटा हात हो भन्ने कुरा माथि विशवास राखनु पर्छ, तर त्यो कस्तो छ बारे भन्नु र सोचनु मनाही गरिएको छ, र यो पनि भन्नु मिलदैन कि अल्लाहको हात मानिसहरुको हात जस्तै हो, किनकि अल्लाह तआलाले भन्नु भएछ ﴿لَيْسَ كَمِثْلِهِۦ شَىْءٌ ۖ وَهُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ﴾ الشورى: ١١ ऊ जस्तो कुनै कुरा छैन र उस्ले सुनिरहेको छ र हेरिरहेको छ ।

तौहिदको यस प्रकार बारे संक्षिप्त कुरा यो हो, कि अल्लाहले आफु प्रति जुन कुराहरुलाई प्रमाणित गरेका छन्, अथवा मोहम्मदﷺले जुन कुराहरुलाई अल्लाह प्रति प्रमाणित गरेका छन्

ती कुराहरुलाई हामी अनिवार्य रुपले मान्ने, र जुन कुराहरुलाई अल्लाहले आफु प्रति मनाही गरेका छन् अथवा मोहम्मद ﷺले जुन कुराहरुलाई अल्लाह प्रति मनाही गरेका छन् ती कुराहरुलाई हामी अनिवार्य रुपले नकारने, कुनै किसमको हेरफेर, अदलिबदलि, अथवा घटथप नगर्ने, नत आफनो मनमानी तपसिल र विवरण स्पष्ट गर्ने, साथै अल्लाहका गुण र विशेषताहरुलाई मानिसहरुको गुण र विशेषता जस्तै नसम्झने, नत तिनीहरुको उदाहरण ब्यान गर्ने न इनकार गर्ने, र जुन कुराहरुबाट मनाही गरेको छैन र प्रमाणित पनि गरेको छैन भने त्यस बारे चुपलाग्ने र उस्को अर्थ र तपसिल सोध्ने, यदि उस्को अर्थ अल्लाहको लागि उचित छ भने स्वीकार गर्ने नत्र अस्वीकार गरिदिने ।

## लाइलाह ईल्लल्लाहको अर्थ ।

लाइलाह ईल्लल्लाह ईस्लामको जग र बुन्याद हो, ईस्लाममा यस्को उच्च स्थान छ, यही ईस्लामको प्रथम आधार हो, र ईमानको अनेकौं प्रकार मध्ये ठुलो र माथिल्लो तलको ईमान हो, त्यस्को गवाही, अर्थको ज्ञान, र त्यस्को अनुकुल कर्तवय गरेपछि मात्र कुनै कार्य स्वीकार हुन्छ ।

त्यस्को अर्थ हो - "अल्लाह बाहेक कोही सत्य उपास्य छैन" र यस बाहेक अरु सबै अर्थ गलत छन् जस्तो कि सृष्टिकर्ता मात्र अल्लाह हो, अथवा अल्लाह बाहेक अरु कसैमा रचना गर्ने शक्ति छैन, अथवा अल्लाह बाहेक अरु कोही उपस्थित छैन, किन भने यस्मा मात्र तौहिद रोबुबियतको अर्थ स्पष्ट हुन्छ, र तौहिद ओलुहियतको त चर्चा पनि हुँदैन जबकि यस शब्दको बुन्यादी अर्थ यही हो ।

**यस शब्दमा दुइभाग छन्:**

१ - नकारने, यो (लाइलाह)मा छ, अर्थात कोही पुजा योग्य छैन।
२ - स्वीकारने, यो (ईल्लल्लाह) मा छ, अर्थात पुजा योग्य मात्र अल्लाह हो ।

तसर्थ पुजा चाहिं मात्र अल्लाहका लागि हुन्, अरु कसैको लागि कुनै प्रकारको पुजा जायज हुंदैन, र जस्ले पनि यो शब्दं भनिन्छ, त्यस्को अर्थ बुझनु हुन्छ, र त्यस्को अनुकुल कर्तवय गर्नु हुन्छ, अर्थात शिर्कलाई नकारनु हुन्छ र तौहिदलाई स्विकारनु हुन्छ, र त्यस माथि ठोस विशवास राखनु हुन्छ भने मात्र त्यो व्यक्ति नै वासतवमा मुस्लिम हुन्छ, र जस्ले त्यस्को अनुकुल कर्तवय गर्नु हुन्छ तर भित्र मनमा विशवास छैन भने त्यो मोनाफिक हुन्छ, र त्यस्को बिरुध जस्ले शिर्क गर्नु हुन्छ भने त्यो आफनो मुखले किन नभनोस तर पनि वास्तवमा त्यो मुशिरक र काफिर नै हुन्छ।

## लाइलाह ईल्लल्लाहको प्रधान्ता र बिशेषता।

यस शब्दमा धेरै गुण र विशेषताहरु छन्, त्यस मध्ये केहि यस प्रकार छन् :

१ - तौहिदलाई स्विकारे पछि यदि कुनै व्यक्तिले नर्कको सजाय पाउँनु हुन्छ भने संधै त्यहाँ बसनु हुँदैन, हदिसमा मोहम्मदﷺ ले भन्नु भएकोछ "जस्ले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा जौको दाना बराबर पनि भलाइ छ भने त्यो नर्कबाट बाहिर हुन्छ, र जस्ले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा गहुंको दाना बराबर पनि भलाइ छ भने त्यो नर्कबाट बाहिर हुन्छ, र जस्ले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा कणको दाना बराबर पनि भलाइ छ भने त्यो नर्कबाट बाहिर हुन्छ" (मुत्तफकुन्अलैह- ४४,१९३)

२ - यसै कारणले जिन्न र मानिसहरुको सृष्टि भयो, अल्लाह तआलाले भन्नु हुन्छ ﴿ وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنسَ إِلَّا لِيَعْبُدُونِ ﴾ الذاريات:٥٦ मैले जिन्न र मासिहरुलाई मात्र आफनो उपासनाका लागि सृष्टि गरेका छौं ।

३ - सन्देष्टाहरु पनि यसै कारण आउनु भयो, र ग्रन्थहरु पनि यसै कारण अवतरित भयो, अल्लाह तआलाले भन्नु हुन्छः ﴿ وَمَا أَرْسَلْنَا مِن قَبْلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَٰهَ إِلَّا أَنَا فَاعْبُدُونِ ﴾ الأنبياء:٢٥ जुन सन्देष्टाहरुलाई पनि हामीले तिमी भन्दा अगाडि पठायौं, तिनीहरुलाई यही सन्देश पठायौं कि म बाहेक कोही सत्य पुज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर ।

४ - सन्देष्टाहरुको निमन्त्रनको सांचो पनि यही हो, सर्वप्रथम सबैले यसै तिर बोलाउनु भयो, र सबैले अ-आफना समाजलाई यही भन्नु भयो ﴿ يَٰقَوْمِ اعْبُدُوا اللَّهَ مَا لَكُم مِّنْ إِلَٰهٍ غَيْرُهُ ﴾ الأعراف:٥٩ हे मेरो जातिका मानिसहरु, अल्लाहको उपासना गर उसबाहेके कोही तिम्रा पुजायोग्य छैन ।

## लाइलाह ईल्लल्लाहको शर्त ।

लाइलाह इल्लल्लाहको सातवटा शर्तहरु छन्, जुन सबैलाई मान्नु र एउटाको पनि बिरुध नगर्नु अनिवार्य छ, र त्यो यस प्रकार छन्ः

१ - ज्ञान : अर्थको ज्ञान र त्यस अनुसार कर्तवय, अर्थात यदि मान्छेलाई यस कुराको ज्ञान भइसक्यो कि अल्लाह नै पुजायोग्य हो र त्यस बाहेक सबैको पुजा गलत हो भने उस्लाई यस शब्दको ज्ञान भइसक्यो, अल्लाहले भन्नु भयो ﴿ فَاعْلَمْ أَنَّهُ لَا إِلَٰهَ إِلَّا

﴿ اللہ ﴾ محمد: ۱۹ यस्को ज्ञान राखनुस कि अल्लाह बाहेक कोही सत्य पुजायोग्य छैन ।

उसमान ﷛ को हदिसमा छ कि नबी ﷺ ले भन्नु भयो «जस्ले यो जान्दछ कि अल्लाह बाहेक अरु कोही पुजा योग्य छैन र यस अवस्थामा त्यस्को मृत्यु हुन्छ भने त्यो स्वर्गमा जान्छ» ।

२ - ठोस विशवास : परिपुर्ण विशवास र मन्को सन्तुष्टि समेत कुनै प्रकारको संदेह बिना लाइलाह इल्लल्लाह भन्ने, अल्लाह तआलाले भन्नु भयो: ﴿إِنَّمَا ٱلْمُؤْمِنُونَ ٱلَّذِينَ ءَامَنُوا۟ بِٱللَّهِ وَرَسُولِهِۦ ثُمَّ لَمْ يَرْتَابُوا۟﴾ الحجرات: ۱۵ मोमिनहरु त ती नै हुन् जस्ले अल्लाह र उस्को रसुलमाथि ईमान ल्याई त्यस प्रति कुनै किसिमको शंका र संदेह गरेनन् ।

अबुहोरैरह ﷛ को हदिसमा छ कि रसुल ﷺ ले भन्नु भयो «जुन सुकै व्यक्तिले कुनै शंका र संदेहको बिना यो गवाही दिन्छ कि अल्लाह बाहेक अरु कोही पुज्य छैन र म अल्लाहको रसुल ( सन्देष्टा) छु र यस अवस्थामा अल्लाह सँग भेँटनु हुन्छ भन्ने त्यो स्वर्गमा जान्छ» (मुस्लिम-२७)

३ - स्वीकार : अर्थात यस शब्दमा जति कुराहरु पाइन्छ त्यो सबैलाई भित्री मनले पनि र मुखले पनि स्वीकारने, जुन घटनाहरुको बारेमा बताइएको छ त्यस माथि विशवास राखने, र रसुल ﷺ को तर्फबाट आएको हरेक कुरामा ईमान ल्याउने, र एउटा कुरालाई पनि न नकारने, अल्लाह तआलाले भन्नु भयो ﴿ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيْهِ مِن رَّبِّهِۦ وَٱلْمُؤْمِنُونَ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ

وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِّن رُّسُلِهِۦ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ

الْمَصِيرُ ﴾ البقرة: ٢٨٥ रसुलले त्यो कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट अव्तरित भयो र मोमिनहरुले पनि ईमान ल्याए, यिनीहरु सबै अल्लाह, उस्को देवदुत, उस्को किताब, र उस्को सन्देष्टाहरु माथि ईमान ल्याउनु भयो, हामी उस्को सन्देष्टाहरु मध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं, र उनीहरुले भने कि हामीले सुन्यौं र मान्यौं हे पालन्र्कता, हामीले क्षमाको लागि प्रार्थणा गर्दछौं, र तिमी छेउ नै फर्केर जानु छ ।

बिरोधी र अस्वीकार गर्नेहरु मध्ये त्यो पनि घोषित हुन्छ जुन् ईस्लामको कुनै नियम र सजायहरु माथि असहमति जनाउँछ अथवा त्यस्को बहिसकार गर्नु हुन्छ, जस्तो कि धेरै व्यक्तिहरुले चोरिको सजाय, व्यभिचारको सजाय, एक भन्दा अधिक विवाह, र पैतृकसम्पत्ति बिभाजित गर्ने जस्तो ईस्लामी नियमहरुको बिरोध गरेको छ, अल्लाह तआलाले भन्नु भयो ﴿ وَمَا كَانَ لِمُؤْمِنٍ وَلَا مُؤْمِنَةٍ إِذَا قَضَى اللَّهُ وَرَسُولُهُۥٓ أَمْرًا أَن يَكُونَ لَهُمُ الْخِيَرَةُ مِنْ أَمْرِهِمْ ﴾ الأحزاب: ٣٦ जब अल्लाह र उस्को रसुलले कुनै कुराको फैसला निर्धारित गरिदिन्छ भने कुनै मोमिन पुरुष र मोमिन महिलालाई अन्यथा केही हक बाँकी रहँदैन।

४ - अनुसरण : अर्थात आज्ञाकारी हुने, लाइलाह इल्लल्लाहको अर्थको पालनगर्ने, स्वीकार र अनुसरणमा अन्तर चाहिं मात्र यति छन् कि त्यस्को वासतविक्तालाई मानेर मुखले बयान गर्नाले स्वीकार भनिन्छ जब कि अनुसरणको अर्थ हो आज्ञाकारी हुने, र त्यस अनुकुल जीवन बिताउने, तसर्थ यदि कसैलाई लाइलाह

इल्लल्लाहको अर्थको ज्ञान भयो, विशवास पनि भयो, र त्यस्लाई स्वीकार पनि गर्यो तर त्यस्को आज्ञा पालन गर्नु भएन र त्यस अनुकुल जीवन बिताउनु भएन भने उस्ले अनुसरणको शर्त पुरा गर्नु भएन, अल्लाह तआलाले भन्नु भया ﴿ وَأَنِيبُوٓاْ إِلَىٰ رَبِّكُمۡ وَأَسۡلِمُواْ ﴾ الزمر: ٥٤ कि आफनो पालन्कर्तातिर रोजु गर र उस्को आज्ञाकारी भइहाल ।

अर्को ठाउँमा अल्लाहले भन्नु भयो ﴿ فَلَا وَرَبِّكَ لَا يُؤۡمِنُونَ حَتَّىٰ يُحَكِّمُوكَ فِيمَا شَجَرَ بَيۡنَهُمۡ ثُمَّ لَا يَجِدُواْ فِيٓ أَنفُسِهِمۡ حَرَجًا مِّمَّا قَضَيۡتَ وَيُسَلِّمُواْ تَسۡلِيمًا ﴾ النساء: ٦٥ तिम्रो पालन्कर्ताको कसम छ कि यिनीहरु जब सम्म आफना सम्पुर्ण विवादमा तपाइलाई ईन्साफकर्ता गर्दैनन् र तपाइले गरेको निर्णयप्रति हृदयमा कुनै सँकुचित बिचार नराखि प्रसन्नतापुर्वक त्यस्लाई अँगिकार गर्दैनन् भने तब सम्म मोमिन हुन सकदैनन् ।

५ - सच्चाई : आफनो ईमानमा सच्चा होस, र आफनो आस्थामा सच्चा होस, अल्लाह तआलाले भन्नु भयो: ﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱتَّقُواْ ٱللَّهَ وَكُونُواْ مَعَ ٱلصَّٰدِقِينَ ﴾ التوبة: ١١٩ हे ईमानवालाहरु, अल्लाह सँग डर मान्ने गर, र सच्चाहरुको सँगत गर ।

मोहम्मद ﷺले भन्नु भयो «जुन सुकै व्यक्तिले सही मनले यो गवाही दिन्छ कि अल्लाह बाहेक कोही पुज्य छैन भने त्यो स्वर्गमा जान्छ» (यस हदिसलाई अहमदले बयान गरेको र अलबानीले सही बताएको) छन् तसर्थ यदि कोही मुखले गवाही

दिइरहेछ तर भित्री मनले बिरोध गरिरहेको छ भने त्यो मुक्ति पाउँदैन बरु मोनाफिकको गिण्तीमा उल्लेख हुन्छ ।

सच्चाइको बिरोध मध्ये यो पनि छ कि रसुल ﷺको तर्फबाट आएको सबै कुराहरुलाई नकारने अथवा मात्र केही खास कुराहरुलाई नकारने, किन भने अल्लाहले वहाँको आज्ञा पालन गर्ने आदेश दिएकोछ, र साथै वहाँको अनुसरणलाई आफनो अनुसरण सँग जोडेको छ, अल्लाहले भन्नु भयो ﴿ قُلْ أَطِيعُوا اللَّهَ وَأَطِيعُوا الرَّسُولَ ﴾ النور: ٥٤ भनिदिनुस कि अल्लाहको आज्ञाको पालन गर र रसुलको आज्ञाको पालन गर ।

६ - शुद्धता : शुद्ध मन्ले आफनो कर्मलाई शिर्कको मिश्रणबाट बचाएर सफा राखने, अर्थात मान्छेको सबै कुराहरु र सबै कार्यहरु मात्र एक अल्लाहको लागि र वहाँको खुशी प्राप्त गर्नको लागि होस, त्यस्मा देखावट, र निजी फायदा, अथवा अरु कुनै खास प्रकारको चाहना र लालसाको मिश्रण पनि नहोस, नत कुनै व्यक्ति, र कुनै धर्म अथवा कुनै गुटको प्रेममा होस, बरु मात्र अल्लाहको खुशी र प्रलोकमा विजयता प्राप्त गर्नको लागि होस, र कुनै व्यक्ति सँग प्रतिफल र धन्यवाद पाउने आशा पनि नलिएको होस, अल्लाह तआलाले भन्नु भयो ﴿ أَلَا لِلَّهِ الدِّينُ الْخَالِصُ ﴾ الزمر: ٣ खबरदार! उपासना खास अल्लाह कै लागि हो ।

अर्को ठाउँमा अल्लह तआलाले भन्नु भयो ﴿ وَمَا أُمِرُوا إِلَّا لِيَعْبُدُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ ﴾ البينة: ٥ उनीहरुलाई यही मात्र आदेश दिएको थियो कि निष्ठापुर्वक अल्लाहको उपासना गरुन र एकाग्र भएर उसैकोलागि धर्मलाई शुद्ध राखून । सहिहैनमा ईतबान ؓ को

हदिस छ कि रसुल ﷺले भन्नु भयो «अल्लाहले नर्क माथि उनीहरुलाई बर्जित गरिसकेको छ जुन् मात्र अल्लाहको खुशीको लागि लाइलाह इल्लल्लाहको गवाही दिएको छ» (मुत्तफकुनअलैह - ४२५,३३)

७ - प्रेम : यस शब्द, र यस्को अर्थ, र यस्को लागि अनिवार्य कुराहरु प्रति प्रेम भावना, अर्थात अल्लाह र रसुल ﷺ सँग प्रेम गर्ने, वहाँको प्रेम चाहिं सबै प्रकारको प्रेम भन्दा माथि राखने, र प्रेमको शर्त र त्यस्को लागि अनिवार्य कुराहरुलाई पुरा गर्ने, अल्लाह सँग प्रेम गर्नका साथ साथै महान्ता, आदर, डर, र आशाको भावना पनि राखने, जुन ठाउँहरुले अल्लाहलाई मनपराउँछ भने त्यो ठाउँहरु मनपराउने जस्तो कि मक्का, मदिना, र अन्य सबै मस्जिदहरु, र जुन समयहरुले अल्लाहलाई मनपराउँछ भने त्यो समसहरु पनि मनपराउने जस्तो कि रमजानको महिना, जिलहिज्जाको शुरुको दस दिन, इत्यादि, र जुन व्यक्तिहरु सँग अल्लाहले प्रेम गर्नु हुन्छ भने उनीहरु सँग प्रेम गर्ने जस्तो कि सन्देष्टा, ईशवर्दुत, देवदुत, सत्य निष्ठ शहीद, र सत्यकर्मीहरु, र जुन कार्यहरुले अल्लाहलाई मनपराउँछ भने त्यो कार्यहरु पनि मनपराउने जस्तो कि नमाज, दान, बर्त, र हज, (प्रिकर्मा), र जुन कुराहरुले अल्लाहलाई मनपराउँछ भने त्यो कुराहरु पनि मनपराउने जस्तो कि अल्लाहको स्मरण गर्ने, र कुरआन पढ्ने ।

प्रेम अन्तर्गत यो पनि आउँछ कि अल्लाहले मनपराएको कुराहरुलाई आफुले मनपराएको र चाहेको कुराहरु भन्दा माथि राखने, र जुन कुराहरुसित अल्लाहले घृणा गर्नु हुन्छ भने त्योसित घृणा गर्ने, तसर्थ नासतिकवादि र पापसित घृणा गर्ने,

अल्लाह तआलाले भन्नु भयो ﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ مَن يَرۡتَدَّ مِنكُمۡ عَن دِينِهِۦ فَسَوۡفَ يَأۡتِي ٱللَّهُ بِقَوۡمٖ يُحِبُّهُمۡ وَيُحِبُّونَهُۥٓ أَذِلَّةٍ عَلَى ٱلۡمُؤۡمِنِينَ أَعِزَّةٍ عَلَى ٱلۡكَٰفِرِينَ يُجَٰهِدُونَ فِي سَبِيلِ ٱللَّهِ وَلَا يَخَافُونَ لَوۡمَةَ لَآئِمٖۚ ﴾ المائدة: ٥٤ हे ईमान ल्याएका मानिसहरु, यदि तिमीहरु मध्ये कोही आफनो धर्मबाट बिमुख भइहाल्छ भने अल्लाहले यस्ता मानिसहरुको सृष्टि गर्नेछ जस्लाई उस्ले माया गर्छ र तिनीहरुले पनि अल्लाहलाई माया गर्नेछन् । तिनीहरु मोमिन सँग नर्मीको व्यवहार गर्नेछन र नासतिक सँग कठोरताको । अल्लाहको मार्गमा जिहाद (धर्म युद्ध) गर्छ र कुनै तिरस्कृत मानिसको तिरस्कारको वासता गर्नेछैनन्।

## मोहम्मदुर रसुलुल्लाहको अर्थ ।

मुखले र मन्ले यो स्वीकार गर्ने कि वहाँ चाहिं अल्लहको सेवक र सन्देष्टा हो, यसै अनुसार कर्तव्य गर्ने, वहाँको आदेशको पालन गर्ने, वहाँले भनेको कुराहरु माथि विशवास गर्ने, वहाँले रोकिएको कुराहरुबाट रुकिहाल्ने, र वहाँले बताएको तरिका अनुसार अल्लाहको उपासना गर्ने।

मोहम्मदु-र-रसुलुल्लाहमा दुइभाग छन्, एउटा अल्लाहको सेवक (*अब्दोह*) र अर्को अल्लाहको सन्देष्टा (*रसूलोह*) यो दुवैभागले वहाँको हक अधिकारमा भइरहेको हरेक प्रकारको घटथपलाई बहिस्कार गरिरहेको छ, किन भने ऊ त अल्लाहको सेवक र सन्देष्टा हुनुहुन्छ, र यो दुवै गुणको ऐतेबारले ऊ सबभन्दा महान व्यक्ति हुनुहुन्छ, अब्दको अर्थ हो "*पुजा गर्नेवाला दास*" अर्थात ऊ एउटा मनुष्य हो, वहाँको सृष्टि पनि उसैबाट भएकोछ जस्बाट सबै मासिहरुको सृष्टि भएकोछ, वहाँ माथि पनि त्यही नियमहरु लागु हुन्छ जुन् सबै मानिसहरु माथि लागु हुन्छ,

अल्लाह तआलाले भन्नु भयो ﴿ قُلْ إِنَّمَا أَنَا بَشَرٌ مِّثْلُكُمْ ﴾ الكهف:١١٠ तपाई भनिदिनुस कि म त तिमीहरु जस्तै एउटा मानिस हुँ । अर्को ठाउँमा भन्नु भयो ﴿ ٱلْحَمْدُ لِلَّهِ ٱلَّذِىٓ أَنزَلَ عَلَىٰ عَبْدِهِ ٱلْكِتَٰبَ وَلَمْ يَجْعَل لَّهُۥ عِوَجَا ﴾ الكهف: ١ सबै प्रशंसाहरु अल्लाहको लागि नै छन् जस्ले आफना भक्त (मोहम्मद) माथि किताब उतार्यो र यस्मा कुनै प्रकारको कमी बाँकि राखेको छैन ।

रसुलको अर्थ हो «*शुभ सुचक, सावधान कर्ता र अल्लाहतर्फ बोलाउनका लागि मानिसहरु तिर पठाइएको व्यक्ति*» यो दुवै गुणको गवाहीको अर्थ यो हो कि वहाँको हकमा कुनै प्रकारको घटथपलाई अस्वीकार गर्ने, जस्तो कि इस्लामको दावा गर्नेवाला धेरै व्यक्तिहरुले वहाँको जायज हक भन्दा अधिक हक दिएर सिमाउलँघन गरिरहेका छन् यहाँ सम्म कि सेवकको स्थानबाट उठाएर पुज्यको स्थान दिइसकेको छ, तसर्थ अल्लाहलाई छोडेर वहाँ सँग मद्दत माँगिरहेका छन्, वहाँसित त्यस्ता कुराहरु माँगिरहेका छन् जस्को शक्ति अल्लाह बाहेक अरु कसैमा छैन जस्तो कि मानवको अवश्यक्ता पुरा गर्ने, दःख मेट्ने, इत्यादि ।

र तिनीहरु बाहेक धेरै मानिसहरु यस्तो पनि छन् जुन् वहाँको सन्देष्टा हुने कुरामा विशवास गर्दैनन् अथवा वहाँको अनुसरण गर्दैनन् बरु वहाँको जायज हकमा पनि कमी गरिरहेका छन्, तसर्थ वहाँको कुरा भन्दा अधिक दर्जा अन्य कुनै व्यक्तिको कुरालाई दिइरहेका छन्, वहाँको तरिका सँग सम्बन्धबिछोड र बेमुखी गरिरहेका छन्, र वहाँको बिरोधी कुराहरु प्रति विशवास राखिरहेका छन् ।

# الإيمان وأركانه
# ईमानको स्तम्भ

ईमान, घोषन र कर्तव्यको नाम हो, जस्मा पुण्यले बृद्धि र पापले कमी हुन्छ, अर्थात ईमान भनेको हृदय र जिब्रो द्वारा भन्ने समेत हृदय र जिब्रो र अँग द्वारा गरिएको कर्मको नाम हो, हृदयको भनाइको अर्थ हो आस्था र विशवास, जिब्रोको भनाइको अर्थ हो त्यस्को गवाही, हृदयको काम हो त्यस्लाई मान्ने, शुद्ध राखने, आत्मा समर्पण गर्ने, प्रेम गर्ने, र सुकर्मको इच्छा राखने, त्यसतै अँगको काम हो आज्ञा पालन गर्ने र रोकिएको कुराहरुबाट रुकिहाल्ने ।

कुरआन र हदिस द्वारा यो कुरा प्रमाणित हुन्छ कि ईमानका केही भागहरु छन्, र त्यो हो, अल्लाह प्रति ईमान, मलाएका (देवदुत) प्रति ईमान, ईश्वरीय ग्रन्थहरु प्रति ईमान, सन्देष्टाहरु प्रति ईमान, प्रलोक प्रति ईमान, राम्रो र नराम्रो भाग्य प्रति ईमान, जस्तो कि अल्लह तआलाले भन्नु भयो ﴿ ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيۡهِ مِن رَّبِّهِۦ وَٱلۡمُؤۡمِنُونَۚ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّن رُّسُلِهِۦۚ وَقَالُواْ سَمِعۡنَا وَأَطَعۡنَاۖ غُفۡرَانَكَ رَبَّنَا وَإِلَيۡكَ ٱلۡمَصِيرُ ﴾ البقرة: ٢٨٥ रसुलले त्यो कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट उतारयो र मोमिनहरुले पनि ईमान ल्याए, यिनीहरु सबै अल्लाह, उस्का देवदुत, उस्का किताब, र उस्का सन्देष्टाहरु माथि ईमान ल्याउनु भयो, हामी उस्को सन्देष्टाहरु मध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं, र उनीहरुले भने कि हामीले

सुन्यौं र मान्यौं हे पालन्कर्ता, हामीले क्षमाको लागि प्रार्थणा गर्दछौं, र तिमी छेउ नै फर्केर जानु छ ।

सही मुस्लिममा ऊमर बिन खत्ताबको हदिस छ कि जिब्रिल ﷺले मोहम्मद ﷺलाई ईमानको बारेमा सोध्नु भयो त मोहम्मदﷺले भन्नु भयो «ईमान यो हो कि तिमी अल्लाह, देवदुत, ईश्वरीय ग्रन्थ, सन्देष्टा, प्रलोक, र राम्रो अथवा नराम्रो भाग्य प्रति ईमान राख» (मुस्लिम-८)

तसर्थ यो ६ वटा कुराहरु ईस्लामी सही आस्थाको मुल्य आधार हो जस्को बयान पवित्र ग्रन्थ कुरआन्मा पनि अवतरित भएको छ र मोहम्मद ﷺले पनि त्यही लिएर आउनु भयो र त्यसैलाई ***ईमानको स्तम्भ*** भनिन्छ ।

**पहिलो : अल्लाह प्रति ईमान ।**

अर्थात अल्लाहलाई ओलुहियत, रोबुबियत, र अस्मा वस्सिफातमा एकलो मान्ने, र अल्लाह प्रति ईमान मध्ये:

१ - यो ईमान राखने कि वास्तवमा अरु सबै बाहेक वही अल्लाह पुज्य छन्, किन भने वही मानिसहरुको सृष्टिकर्ता हो, उनीहरु माथि कपा गर्नेवाला, जीवीका प्रदान गर्नेवाला, र बाहिर र भित्रको भेदलाई ज्ञान राखनेवाला पनि वही छ, र उसैले आज्ञाकारीहरुलाई पुरस्कार प्रदान गर्ने र आज्ञा उलंघन गर्नेवालाहरुलाई सजाय दिने क्षमता राख्दछ ।

मुख्य कुरा के हो भने सबै किसमको पुजा र उपासनामा अल्लाहलाई याचना, आशा, डर, त्रास, प्रेम, र महान्ताको कदर गर्ने समेत वहाँलाई एकलो मान्ने, कुरआनको अधिक भाग चाहिं यसैको बारेमा अवतरित भएको छ, जस्तो कि अल्लाह तआलाले भन्नु भयो ﴿ فَاعْبُدِ اللَّهَ مُخْلِصًا لَّهُ الدِّينَ ۝ أَلَا لِلَّهِ الدِّينُ الْخَالِصُ ﴾ الزمر: ٢ - ٣

तसर्थ तिमी अल्लाहको उपासना गर, धर्मलाई खास उसैको निम्ति गरेर, खबरदार! उपासना खास अल्लाह कै लागि हो । यो पनि भन्नु भयो ﴿ وَقَضَىٰ رَبُّكَ أَلَّا تَعْبُدُوٓا۟ إِلَّآ إِيَّاهُ ﴾ الإسراء: ٢٣ तिम्रो पालन्कर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पुजा नगर ।

अर्को ठाउँमा भन्नु हुन्छ ﴿ فَٱدْعُوا۟ ٱللَّهَ مُخْلِصِينَ لَهُ ٱلدِّينَ وَلَوْ كَرِهَ ٱلْكَٰفِرُونَ ﴾ غافر: ١٤ तिमीले अल्लाहको निम्ति धर्मलाई समर्पित गरि अल्लाहलाई पुकारदै गर, चाहे नास्तिकहरु किन नरिसाओस ।

उपासना बिभिन्न प्रकारका छन्, त्यस मध्ये, प्रार्थना, डर, आशा, भरोसा, अपेक्षा, दहशत, याचना, भय, प्रवृत्ता, मद्दत चाहने, शरण माँगने, बिन्ती गर्ने, बलि दिने, र मन्नत मान्ने जस्तो कार्यहरु छन्, यस बाहेक अरु धेरै प्रकारको उपासनाहरु छन् जुन् अल्लाह बाहेक अरु कसैको लागि जायज छैन, र यदि कुनै प्रकारको उपासना अल्लाह बाहेक अरु कसैको निम्ति हुन्छ भने त्यो शिर्क र कुफ्र घोषित हुन्छ ।

प्रार्थनाको प्रमाण : अल्लह तआलाले भन्नु भयो ﴿ وَقَالَ رَبُّكُمُ ٱدْعُونِىٓ أَسْتَجِبْ لَكُمْ ۚ إِنَّ ٱلَّذِينَ يَسْتَكْبِرُونَ عَنْ عِبَادَتِى سَيَدْخُلُونَ جَهَنَّمَ دَاخِرِينَ ﴾ غافر: ٦٠ तिम्रो पालन्कर्ताको आदेश छ कि तिमी मसित प्रार्थना गर, म तिम्रो प्रार्थना स्विकार गर्ने छु जुन मानिसहरु मेरो उपासनाबाट घमण्डले आहंकार गर्दछन् त्यो तिरस्कृत भइ नर्कमा जाने छन् ।

नोमान बिन बशीर ﷺ को हदिसमा छ कि रसुल ﷺ ले भन्नु भयो «प्रार्थना नै उपासना हो» (तिर्मिजी) ।

डरको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ فَلَا تَخَافُوهُمْ وَخَافُونِ إِن كُنتُم مُّؤْمِنِينَ ﴾ آل عمران: ١٧٥ यदि तिमीहरु सच्चा मोमिन हौ भने उनीहरु सित नडर बरु मात्र मसित डरने गर ।

आशाको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ فَمَن كَانَ يَرْجُوا لِقَاءَ رَبِّهِ فَلْيَعْمَلْ عَمَلًا صَالِحًا وَلَا يُشْرِكْ بِعِبَادَةِ رَبِّهِ أَحَدًا ﴾ الكهف: ١١٠ जुन मानिसहरुले आफनो आराध्यसँग साक्षात्कारको आशा राख्दछ त्यस्लाई अवश्यक छ कि राम्रो कर्म गरोस र आफनो पालन्कर्ताको पुजामा अरु कसैलाई साझेदार नबनाओस ।

भरोसाको प्रमाण : अल्लाह तआलाले भन्नु भयो : ﴿ وَعَلَى اللَّهِ فَتَوَكَّلُوا إِن كُنتُم مُّؤْمِنِينَ ﴾ المائدة: ٢٣ यदि तिमी सांच्चिकै मोमिन हौ भने अल्लाह माथि भरोसा गर्ने गर ।

अपेक्षा, दहशत, र याचनाको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ إِنَّهُمْ كَانُوا يُسَارِعُونَ فِي الْخَيْرَاتِ وَيَدْعُونَنَا رَغَبًا وَرَهَبًا وَكَانُوا لَنَا خَاشِعِينَ ﴾ الأنبياء: ٩٠ ति भलो मानिसहरु पुण्यको काम तिर हतार गर्दथे र हामीलाई अपेक्षा र दहशतले पुकारदथे र हाम्रो अगाडि याचना गर्दथे ।

भयको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ فَلَا تَخْشَوْهُمْ وَاخْشَوْنِي ﴾ البقرة: ١٥٠ तिनीहरु सित नडराउनु बरु मसित मात्र डराउनु ।

प्रवृत्ताको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ وَأَنِيبُوٓاْ إِلَىٰ رَبِّكُمْ وَأَسْلِمُواْ ﴾ الزمر: ٥٤ आफनो पालन्कर्ता तिर प्रवृत होउ र उस्को आज्ञाकारी भइहाल।

मद्दत चाहनको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ ﴾ الفاتحة: ٥ हामीले तिम्रै उपासना गर्दछौं र मात्र तिमी सँग नै मद्दत चाहन्छौं ।

रसुल ﷺले भन्नु भयो «यदि मद्दत चाहन्छौं भने मात्र अल्लाह सँग मद्दत चाहने गर»

शरण मांगनको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ قُلْ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ﴾ الناس: ١ भनिदिनुस कि म मानिसहरुको पालन्कर्ताको शरण माँगदछु ।

बिन्ती गर्नको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ إِذْ تَسْتَغِيثُونَ رَبَّكُمْ فَٱسْتَجَابَ لَكُمْ ﴾ الأنفال: ٩ त्यो समय याद गर जब तिमीले आफनो पालन्कर्ता सित बिन्ती गरीराखेका थियौं अनि अल्लहले तिम्रो पुकार सुनिहाल्यो।

बलि दिनको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿ قُلْ إِنَّ صَلَاتِي وَنُسُكِي وَمَحْيَايَ وَمَمَاتِي لِلَّهِ رَبِّ ٱلْعَٰلَمِينَ لَا شَرِيكَ لَهُۥ وَبِذَٰلِكَ أُمِرْتُ وَأَنَا۠ أَوَّلُ ٱلْمُسْلِمِينَ ﴾ الأنعام: ١٦٢ – ١٦٣ भनिदिनुस कि निश्चित रुपले मेरो नमाज, र मेरो कुर्बानी (बली), र मेरो जीवन, र मृत्यु सबै

अल्लाह कै लागि हुन् जो सम्पुर्ण ब्रहमाण्डको स्वामी र पालन्कर्ता हो ।

हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «अल्लाहले धिक्कार गर्नु भएछ यस्तो मानिसहरु माथि जुन् अल्लाह बाहेक अरु कसैको लागि बली (कुर्बानी) दिने गर्दछन्»

मन्नत मान्नको प्रमाण : अल्लाह तआलाले भन्नु भयो ﴿يُوفُونَ بِالنَّذْرِ وَيَخَافُونَ يَوْمًا كَانَ شَرُّهُ مُسْتَطِيرًا﴾ الإنسان: ٧ यिनीहरुले मन्नत पुरा गर्ने छन् र त्यस दिनबाट तर्सन्छन् जस्को आपदा चारैतिर व्यापक हुनेछ। यहाँ सम्म कि सुतने, खाने, पिउने, धन अर्जना गर्ने र विवाह गर्ने जस्ता बानीहरु पनि यदि अल्लाहको उपासान र आराधना प्रति शक्ति प्राप्त गर्नको उदेश्यले हुन्छ भने त्यो बानीहरु पनि उपासना अन्तरगत उल्लेख भइहाल्छ ।

२ - अल्लाह प्रति ईमान मध्ये यो पनि हो कि अल्लाहले मानिसहरुका लागि जति कुराहरु अनिवार्य र जरुरी गरेको छ त्यो सबै माथि ईमान राख्ने र ईस्लामको पाँचौ आधार माथि ईमान राख्ने जुन् यस प्रकार छन्: अल्लाह बाहेक अरु कोही पुज्य छैन र मोहम्मद ﷺ अल्लाहको सन्देष्टा हुन् भन्ने कुराको गवाही दिने, नमाज पढने, दान गर्ने, रमजान महिनामा बर्त बसने, र अल्लाहको घर काबाको हज गर्ने यदि त्यहाँ सम्म पुगने क्षमता छ भने, र यस बाहेक पनि जति कुराहरुलाई ईस्लामले अनिवार्य गरेको छ त्यो सबै माथि ईमान राख्ने ।

३ – अल्लाह प्रति ईमान मध्ये यो पनि छ कि संसारको सृष्टिकर्ता, र शासनकर्ता अल्लाह नै हो भने कुरा माथि ईमान राख्ने, यो ईमान राख्ने कि वही आफनो इच्छाले ज्ञान र शक्तिको

आधारमा हुकुम जारी गर्नु हुन्छ, संसार र प्रलोकको मालिक वही हो, र सारा संसारको पालन्कर्ता पनि वही हो, उस बाहेक नत कोही सृष्टिकर्ता छ नत कोही पालन्कर्ता, उस्ले नै सन्देष्टाहरुलाई पठाएका छन् र मानिसहरुको सुधारका लागि र संसार र प्रलोकमा मुक्ति प्राप्त गर्नका लागि पवित्र ग्रन्थहरु अवतरित गरेका छन्, र यो सबै कार्यमा वहाँको कोही साझेदार छैन, अल्लाह तआलाले भन्नु भयो ﴿ اللَّهُ خَالِقُ كُلِّ شَيْءٍ وَهُوَ عَلَى كُلِّ شَيْءٍ وَكِيلٌ ﴾ الزمر: ٦٢ अल्लाह हरेक कुराको सृष्टिकर्ता हो र वही नै हरेक कुराको संरक्षक हो ।

४ - अल्लाह प्रति ईमान मध्ये यो पनि छ कि अल्लाहको पवित्र नाम र महान गुणहरु माथि ईमान राखने जुन् अल्लाहको पवित्र किताब कुरआन अथवा रसुल ﷺको हदिसमा उल्लेखित छ, कुनै किसमको घटथप वा बिरोध नगर्ने, नत मनमानी तपसिल वा उदाहरण बयान गर्ने, साथै त्यस्को महान अर्थहरु माथि पनि ईमान राखने, किन भने त्यो अल्लाहको गुणहरु हो जस माथि अल्लाहका लागि उचित तरिकाले नै ईमान राखनु पर्छ र अल्लाहको गुणलाई मानिसहरुको गुणसित तुलना गर्नु मिलदैन, जस्तो कि अल्लाह तआलाले भन्नु भयो ﴿ لَيْسَ كَمِثْلِهِ شَيْءٌ وَهُوَ السَّمِيعُ الْبَصِيرُ ﴾ الشورى: ١١ ऊ जस्तो कुनै कुरा छैन र ऊ सुन्नेवाला र जान्नेवाला छ ।

## दोश्रो : मलाएका (देवदुत) प्रति ईमान ।

यस अन्तर्गत मलाएका प्रति संक्षिप्तमा पनि र तपसिलमा पनि ईमान राखनु पर्छ, संक्षिप्तमा हामीले यो ईमान राखने छौं कि

अल्लाहका मन्नाएका अर्थात देवदुतहरु छन्, जस्लाई अल्लाहले मात्र आफनो आज्ञा पालन गर्नका लागि सृष्टि गरेको छ, र उनीहरु धेरै प्रकारका छन्, कसैलाई अर्श अर्थात अल्लहको सिंगहासन उठाउने जिम्मेबारी दिएको छ त कसैलाई नर्क र स्वर्गको सुरक्षा कर्मी बनाइएको छ, र कसैलाई मानिसहरुको कर्म दर्ता गर्ने जिम्मेबारी दिएको छ।

र तपसिल यो हो कि अल्लाहले अथवा रसुल ﷺले उनीहरु मध्ये जस्को नामको खुलासा गर्नु भएकोछ उनीहरु प्रति ईमान राखने जस्तो कि जिब्रईल, मिकाईल, नर्कको सुरक्षा कर्मी मालिक, र सूर फुँकनको लागि नियुक्त भएको देवदुत ईस्राफील ।

देवदुतहरुलाई अल्लाहले प्रकाशबाट सृष्टि गरेको छ, हजरत आइशाबाट प्रमाणित छ कि रसुल ﷺले भन्नु भयो «मलाएका प्रकाशबाट सृष्टि भएको छ र आदम चाहिं उसबाट सृष्टि भएको छ जुन् तिमीहरुलाई भनिएको छ» (मुस्लिम - २९९४) ।

## तेश्रो : किताब (ग्रन्थहरू) प्रति ईमान।

अनिवार्य रुपले संक्षिप्तमा यो ईमान राखनु पर्छ कि मानिसहरु माथि आफनो हक बयान गर्नका लागि र त्यस्को प्रचार प्रसार गर्नका लागि अल्लाहले आफनो पैगम्बर र सन्देष्टाहरु माथि ग्रन्थ अवतरित गरेका छन्, र तपसिलमा ग्रन्थहरु मध्ये अल्लाहले जस्को नाम लिएकोछ त्यस माथि ईमान राखने जस्तो कि तौरात, इन्जिल, जबूर, र कुरआन, र त्यस मध्ये सबभन्दा अन्तिम ग्रन्थ कुरआन हो, त्यो कुरआन जुन् पहिलेका सबै किताबहरुको रक्षक र प्रमाणित गर्नेवाला छ, सबै वर्ग र जातिहरुलाई त्यस्को अनुसरण गर्ने समेत रसुल ﷺद्वारा प्रमाणित भएको हदिसको पनि अनुसरण गर्नु पर्छ, किन भने अल्लाह

तआलाले मोहम्मद ﷺलाई सबै मानव र दानव तिर सन्देष्टा बनाएर पठाएका छन्, र वहाँमाथि यो कुरआन अवतरित गरिएका छन, ताकि उनीहरु बीच त्यस अनुकुल फैसला गरोस, र यस कुरआनलाई सम्पुर्ण ब्रहमाण्डका लागि हृदयको रोगको निर्मित उपचार, हरेक कुराको बिस्तारपुर्वक वर्ण, मार्गदर्शन, र कृपा बनाइएको छ, जस्तो कि अल्लाहले भन्नु भयो ﴿وَهَٰذَا كِتَٰبٌ أَنزَلۡنَٰهُ مُبَارَكٌ فَٱتَّبِعُوهُ وَٱتَّقُواْ لَعَلَّكُمۡ تُرۡحَمُونَ﴾ الأنعام: ١٥٥ यो किताब हामीले भलाई र वर्दानको रुपमा उतारेका हौं, तसर्थ यस्को अनुसरन गर, र डर मान, शायद तिमीमाथि दया होस ।

अनि यस्तो भनेको छ ﴿وَنَزَّلۡنَا عَلَيۡكَ ٱلۡكِتَٰبَ تِبۡيَٰنًا لِّكُلِّ شَيۡءٖ وَهُدًى وَرَحۡمَةً وَبُشۡرَىٰ لِلۡمُسۡلِمِينَ﴾ النحل: ٨٩ र हामीले तपाई माथि यस्तो किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्ण बिसतारपुर्वक छ, र मुस्लिमहरुको लागि मार्गदर्शन र दया तथा शुभसन्देश छ ।

## चौथो : रसुल (सन्देषटाहरू) प्रति ईमान

सन्देष्टाहरु माथि पनि संक्षिप्तमा र तपसिलमा ईमान राखनु पर्छ, हामीले यो ईमान राख्दछौं कि अल्लाहले रसुलहरुलाई शुभसन्देष्टा, सावधानकर्ता, र सत्यको प्रचारक बनाएर पठाएका छन्, अल्लाहले भन्नु भयो ﴿وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَ﴾ النحل: ٣٦ हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरु अल्लाहकै पुजा गरुन् र उसबाहेक अन्य समस्त पुज्यहरुलाई त्यागौं ।

तसर्थ जस्ले सन्देष्टाहरुको कुरा स्विकारनु भयो त्यस्लाई खुशी र शान्ति प्राप्त भयो र जस्ले उनीहरुको बिपक्षमा भएर बिरोध गर्नु भयो त्यस्लाई असफलता र पछुतावा प्राप्त भयो । हामीले यो ईमान राख्दछौं कि समस्त सन्देष्टाहरुको मिशन चाहिं एउटै थियो, मात्र एउटै अल्लाहको पुजा र त्यस्को प्रचार प्रसार नै उनीहरुको मिशन थियो, कुनै अन्तर छ भने मात्र धारमिक नियम कानुनहरुमा छ, हामीले यो पनि ईमान राख्दछौं कि अल्लाहले आफनो सन्देष्टाहरु मध्ये कसैलाई कसैमाथि प्रधान्ता प्रदान गरेको छ, र सबभन्दा महान र अन्तिम सन्देष्टा मोहम्मद ﷺ हुनुहुन्छ, अल्लाह तआलाले भन्नु भयो: ﴿وَلَقَدْ فَضَّلْنَا بَعْضَ النَّبِيِّينَ عَلَىٰ بَعْضٍ﴾ الإسراء: ٥٥ हामीले केही सन्देष्टाहरुलाई केही माथि प्रधान्ता प्रदान गरेका छौं ।

र यस्तो पनि भन्नु भयो:

﴿مَا كَانَ مُحَمَّدٌ أَبَا أَحَدٍ مِّن رِّجَالِكُمْ وَلَٰكِن رَّسُولَ اللَّهِ وَخَاتَمَ النَّبِيِّينَ﴾ الأحزاب: ٤٠ मोहम्मद तिम्रो पुरुषहरु मध्ये कसैको पिता होइन बरु उनी अल्लहका र नबीहरुका समापक हुन् ।

अल्लाह तआलाले उनीहरु मध्ये जस्को नाम खोलेकोछ अथवा रसुल ﷺ द्वारा जस्को नाम प्रमाणित भएकोछ उनीहरु माथि हामीले तपसिली ईमान राख्दछौं जस्तो कि नूह عليه السلام, हूद عليه السلام, सालेह عليه السلام, र ईब्राहीम عليه السلام, इत्यादि, उनी सबै माथि र हाम्रो नबी मोहम्मद ﷺ माथि अल्लाहको कपा र शान्ति होस ।

## पाँचौं : प्रलोक प्रति ईमान ।

यस अन्तर्गत त्यो हरेक कुरा समावेश हुन्छ जस्को खबर अल्लाहले र रसुल ﷺ ले दिनु भएकोछ जस्तो कि कबरको परिक्षा

र त्यस्मा हुने यातना र अनुग्रह, प्रलोकको दिनको कष्ट र कठिनाई, पुल सेरात, लेखा जोखा, र हिसाब किताब, प्रतिफल, कर्मको बही बितरन गर्ने, र सबैको बीच त्यो उडिने जस्तो कार्यहरु, कोही आफनो बही देब्रे हातमा लिएको होला, त कोही आफनो बही बायाँ हातमा पिठ पछाडिबाट लिएको होला, र यस अन्तर्गत यो पनि आउँछ कि हाम्रो नबी मोहम्मद ﷺले हौज (अनुकम्पा) पाइन्छ, र हरेक नबीको पनि आफनो एउटा हौज हुन्छ जस्तो कि हदिसमा उल्लेख छ, साथै स्वर्ग र नर्क, मोमिनहरु आफनो पालन्कर्तालाई साक्षात दर्शन गर्न पाइने, र अल्लाहले मोमिनहरुलाई सन्बोधित गर्ने जस्ता कुराहरु माथि पनि ईमान राखनु पर्छ, र यस बाहेक त्यो सबै कुरा माथि ईमान राखनु पर्छ जुन् कुरआनमा उल्लेख छ अथवा रसुलﷺ को सही हदिस द्वारा प्रमाणित भएकोछ, त्यो सबै कुराहरु माथि अल्लाह र रसुलले बताएका तरिका अनुसार ईमान राखनु र त्यस्को गवाही दिनु जरुरी छ ।

## छैटौं : किस्मत र भाग्य प्रति ईमान ।

यस अन्तर्गत चार कुराहरु प्रति ईमान राखनु पर्छ।

**प्रथम** - अल्लाहलाई त्यो सबै कुराको ज्ञान छ जुन् भइसकेको छ अथवा हुनेवाला छ, मानिसहरुको हरेक पलको खबर, र उनीहरुको धन सम्पत्ति, र मृत्युको समय समेत हरेक कार्यको खबर वहाँले राखनु भएकोछ, कुनै कुरा अल्लाहसित लुकेको छैन, जस्तो कि अल्लहले भन्नु भयो ﴿إِنَّ ٱللَّهَ بِكُلِّ شَيۡءٍ عَلِيمٌ﴾ التوبة: ١١٥

नि:सन्देह अल्लाहलाई सबै कुराको ज्ञान छ ।

**दोश्रो** - भाग्य र किस्मतको हरेक कुरालाई अल्लाहले लेखेर राख्नु भएकोछ, जस्तो कि अल्लाहले भन्नु भयो ﴿ وَكُلَّ شَيْءٍ أَحْصَيْنَٰهُ فِىٓ إِمَامٍ مُّبِينٍ ﴾ يس: ١٢ हरेक कुरालाई हामीले एक स्पष्ट किताबमा लेखिसकेका छौं ।

**तेश्रो** - अल्लाहको जुन् इच्छाहरु लागु भइसकेको छ त्यस प्रति ईमान, तसर्थ वहाँले जुन कुराको इच्छा गर्नु भयो त्यो लागु भयो र जुन कुराको इच्छा गर्नु भएन त्यो लागु भएन, अल्लाह तआलाले भन्नु भयो ﴿ كَذَٰلِكَ ٱللَّهُ يَفْعَلُ مَا يَشَآءُ ﴾ آل عمران: ٤٠ यसै प्रकार अल्लाहले जे चाहनु हुन्छ त्यो गर्नु हुन्छ ।

**चौथो** - भाग्यको घटनाहरुलाई अल्लाहले घटने भन्दा पहिला नै सृष्टि गरिसकेका थियो, अल्लाह तआलाले भन्नु भयो ﴿ وَٱللَّهُ خَلَقَكُمْ وَمَا تَعْمَلُونَ ﴾ الصافات: ٩٦ तिमीलाई र तिमीले गरिरहेको हरेक कुरालाई अल्लाहले नै सृष्टि गरेको हो ।

# الشـــرك وأنـــواعـــه
# शिर्क र त्यस्को प्रकार

रोबुबियत (सृष्टि र शासन) मा, र ओलुहियत (उपासना) को अधिकारमा, र अस्मा वस्सिफात (नाम र गुण) मा अल्लाह बाहेक अरु कसैलाई साझेदार ठहराउनाले शिर्क भनिन्छ।

**शिर्क दुइ प्रकारका छन्** - ठुलो शिर्क, र सानो शिर्क।

**पहिलो - ठुलो शिर्क,** अर्थात कुनै किसमको उपासना अल्लाह बाहेक अरु कसैको लागि गर्ने, यस प्रकारको शिर्क गर्नेवाला व्यक्तिले यदि मृत्यु भन्दा पहिला तौबा अर्थात पशचाताप गर्नु भएन भने त्यो संधैको लागि नर्कमा जान्छ, र उस्को सबै कर्महरु धवस्त र समाप्त भइहाल्छ, अल्लाह तआलाले भन्नु भयो ﴿وَلَوْ أَشْرَكُوا لَحَبِطَ عَنْهُم مَّا كَانُوا يَعْمَلُونَ﴾ الأنعام: ٨٨ यदि तिनीहरुले अल्लाह सँग अरु कसैको साझेदारी ठहराउँछ भने तिनीहरुको सबै कर्महरु बर्बाद भइहाल्छ।

ठुला शिर्कलाई अल्लाहले तौबा नसूह अर्थात सच्चा मनले क्षमा नमाँगे सम्म माफ गर्दैनन्, अल्लाह तआलाले भन्नु भयो ﴿إِنَّ اللَّهَ لَا يَغْفِرُ أَن يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَاءُ ۚ وَمَن يُشْرِكْ بِاللَّهِ فَقَدِ افْتَرَىٰ إِثْمًا عَظِيمًا﴾ النساء: ٤٨ अल्लाह आफनो साझेदार बनाउनेलाई क्षमा गर्ने छैन, र उस बाहेक अरु जस्लाई चाहन्छ माफ गर्दिन्छ, र जस्ले ऊ सँग अरु कसैको साझेदारी ठहराउँछ भने त्यस्ले ठुलो अपराध गरिदिन्छ।

**ठुलो शिर्कको अनेकौ प्रकार मध्ये,** अल्लाह बाहेक अरुसित प्रार्थना गर्ने, मन्नत मान्ने, र बलि दिने इत्यादि कुराहरु छन्, अथवा अल्लाहको तुलनामा अरुलाई कायम गर्ने, जस्तो कि अल्लाहले भन्नु भयो : ﴿ وَمِنَ ٱلنَّاسِ مَن يَتَّخِذُ مِن دُونِ ٱللَّهِ أَندَادًا يُحِبُّونَهُمْ كَحُبِّ ٱللَّهِ ﴾ البقرة: ١٦٥ केही मानिसहरु यस्तो पनि छन् जुन् अल्लाहको तुलनामा अरुलाई कायम गरेर तिनलाई अल्लह जस्तै माया गर्दछन् ।

**दोश्रो - सानो शिर्क,** कुरआन र हदिसमा जुन कुराहरुलाई शिर्क भनेकोछ तर त्यो ठुलो शिर्कको सीमा नाँगेको छैन भने त्यस्लाई सानो शिर्क भनिन्छ, र यस प्रकारको शिर्कले मान्छेलाई ईस्लामबाट खारिज गर्दैन तर तौहीदमा चाहिं कमी भइहाल्छ, जस्तो कि रियाकारी अर्थात देखावटि काम, अथवा यस्तो कार्यहरु जुन् ठुलो शिर्क सम्म पुर्याउन सक्छ तर पुगेको छैन, जस्तो कि कबरको नजिक भएर अल्लाहको लागि नमाज पढने, र अल्लाह बाहेक अरु कसैको कया राखने, यस विशवासका साथ कि फायदा र घाटा दिने क्षमता अल्लाह बाहेक अरु कसैमा छैन, र यस्तो भन्ने कि «जे अल्लाहले चाहन्छ र फलानो व्यक्तिले चाहन्छ» र यस्तै अन्य कुराहरु । किन भने नबी ﷺले भन्नु भएकोछ «तिमीहरुको निम्ति मलाई जुन कुराको सबभन्दा अधिक डर लागेको छ त्यो सानो शिर्क हो» वहाँको साथीहरुले सानो शिर्क बारे सोध्नु भयो त वहाँले भन्नु भयो «रिया» अर्थात देखावटि काम, (यस हदिसलाई अहमदले बयना गर्नु भएकोछ र यस्को सनद चाहिं जैयिद छ) यस्तै वहाँले भन्नु भयो «जुन सुकै व्यक्तिले अल्लाह बाहेक अरु कुनै वस्तुको कृया राखछ भने त्यो

अल्लाह सँग शिर्क गरिरहेको छ›› (यस हदिसलाई अहमदले बयान गर्नु भएछ र यस्को सनद सही छ) । यस प्रकारको शिर्क अन्तर्गत यो पनि छ कि - बिभिन्न प्रकारको रोग र दुख:बाट मुक्त हुनको लागि अथवा सुरक्षित हुनको लागि ताबीज लगाउने, अथवा धागा र बल्ला लटकाउने, तर यदि कसैको यो मान्ना छ कि ती कुराहरु मात्रं कारण होइन बरु त्यो आफै लाभदायक अथवा हानीकारक हो भने त्यो ठुलो शिर्कको अन्तर्गत सामिल भइहाल्छ ।

## مجمل اعتقاد الفرقة الناجية
## मुक्ति पाउने समुहको आस्था संक्षिप्तमा

मुक्ति पाउने समुह अहले सुन्नत वलजमाअतको आस्था यो हो कि सच्चा मोमिन यस कुराको गवाही दिन्छ कि अल्लाह नै पालन्कर्ता र पुज्य हो, हरेक किसमको गुण मात्र उसकै लागि हो, यही कारण छ कि एउटा मोमिन शुद्ध तरिकाले मात्र अल्लाहकै पुजा गर्नु हुन्छ, र यस कुराको ज्ञान राखनु हुन्छ कि वही सृष्टिकर्ता, अस्तित्व दाता, चित्रकार, जीवीका प्रदान गर्नेवाला, वर्दान दिनेवाला, मनाही गर्नेवाला, र हरेक कुराको प्रबन्ध गर्नेवाला छ, वास्तवमा वही पुज्य हो, वही प्रथम हो वहाँ भन्दा पहिला कोही छैन, वही अन्तिम हो वहाँ भन्दा पछि कोही छैन, वही व्यक्त हो वहाँ भन्दा माथि कोही छैन, र वही अव्यक्त हो वहाँ भन्दा तल कोही छैन । हरेक दृष्टिले वही सबभन्दा ठुलो र उच्च स्थानमा छ, शारिरिक दृष्टिले, दर्जाको दृष्टिले, र सत्ताको दृष्टिले ।

अल्लाह तआला अर्श (सिंहासन) माथि बिराजमान हुनुहुन्छ, र त्यो पनि यस प्रकारले बिराजमान छ जस्तोकि वहाँको महान्ताले उचित र सोहाउँदो छ, हरेक ऐतबारले माँथि भएता पनि वहाँको ज्ञान चाहिं व्यक्त अव्यक्त, तल माथि, संसारको हरेक कुरालाई घेरि राखेकोछ, ऊ आफनो ज्ञानले मानिसहरुको साथ हुनुहुन्छ, उनीहरुको हरेक अवस्थाको जानकारि राखनु हुन्छ, उनीहरुको नजिकै हुनुहुन्छ र प्रार्थना सुनिरहेको हुन्छ । ऊ सबै मानिसहरु भन्दा बढि सम्पन्न, र धनि हुनुहुन्छ, सबैलाई जीवनमा र जीवनका लागि अवश्यक कुराहरुमा संधै वहाँको अवश्यक्ता छ, एक क्षणको लागि पनि कसैलाई वहाँको अवश्यक्ता छैन भन्ने

होइन, र ऊ अत्यन्त कपालु र दयालु हुनुहुन्छ, मानिसहरुले भोगिरहेको प्राकृतिक, र धारमिक सुविधा र उपहारहरु सबै अल्लाहले नै दिएको हो, वही उपहार दिनेवाला, र दुखः मेटनेवाला छ ।

ऊ आफनो कपाले प्रत्यक रातिको अन्तिम तेहाइमा सबभन्दा नजिकको आकाशमा अवतरित हुनुहुन्छ र भन्नुहुन्छ «कोही छ माँगनेवाला जस्लाई म प्रदान गरौं, कोही छ क्षमा चाहनेवाला जस्लाई म माफ गरिदिउँ» यहाँ सम्म कि फजरको समय भइहाल्छ, र ऊ आफनो महान्ता र शान अनुसार उचित तरिकाले उत्रिन्छन् । ऊ बुद्धिमता सम्पन्न छ, धर्म र सृष्टिमा वहाँकै बुद्धि र कौशल काम गरिरहेको छ, वहाँले कुनै पनि चिज व्यर्थमा बनाएका छैनन्, नत्र धर्मको कुनै नियम नै बेकार छ बरु सबै नियमहरु लभदायक छ र मानिसहरुको सुरक्षाको लागि बनाइएको छ । ऊ तौबा अर्थात पशचाताप स्वीकार गर्नेवाला, क्षमा प्रदान गर्नेवाला, र माफ गेंवाला छ, आफनो सेवकहरुको तौबा स्वीकार गर्छ, र उनीहरुको पापलाई मेटने गर्छ, जुन सुकै व्यक्तिले तौबा गर्नु हुन्छ, क्षमा चाहनु हुन्छ, र ऊ सँग रोजु गर्नु हुन्छ भने उस्को ठुलठुलो पापहरु पनि माफ गरिदिनु हुन्छ । ऊ गुणग्राहक छ, थोडै भएपनि पुण्यको कार्यलाई धन्यवाद भन्नुहुन्छ र बदलामा धेरै उपहार दिनुहुन्छ, र कृतज्ञाहरु माथि धेरै कृपा गर्नु हुन्छ । सच्चा मोमिन ऊ हुन् जुन् अल्लाहको त्यो सबै गुण स्वीकार गर्छ जुन् अल्लाहले आफै खुदको बारेमा अथवा रसुल ﷺले वहाँको बारेमा बयान गर्नु भएकोछ, जस्तो कि प्रिपुर्ण जीवन, सुन्ने र देखने शक्ति, सर्वसरेष्ट शक्ति, महान्ता, आत्मागौरब, सम्मान, प्रतिष्ठा, सुन्दरता, र प्रिपुर्न र समस्त प्रशंसा ।

सच्चा मोमिन कुरआन र हदिसको यस कुरा माथि ईमान राखनु हुन्छ कि स्वर्गमा मोमिनहरु आफनो आँखाले साक्षात अल्लाहको दर्शन गर्न पाइन्छ, अल्लाहको दर्शन र वहाँको प्रसन्नता प्राप्त गर्नमा पाइएको सफलता नै सबभन्दा ठुलो र चोखो उपहार हो। जस्को मृत्यु ईमान र तौहीद माथि हुँदैन भने त्यो सदा सदाको लागि नर्कमा जान्छ, तर ठुलठुला पाप गरेको मोमिनहरु मध्ये कुनै व्यक्तिले यदि बिना तौबाकै मर्नु भयो र क्षमा अथवा सिफारिस पाइने जस्तो कुनै कार्य पनि गरेको छैन भने यदि उनीहरु नर्कमा जानु हुन्छ भने संधैको लागि त्यहाँ बसनु हुँदैन, र जस्को हृदयमा रायोको दाना बराबर पनि ईमान हुन्छ भने त्यो संधैको लागि नर्कमा बसनु हुँदैन बरु एक न एक दिन् त्यहाँबाट अवश्य बाहिर आउँछ।

र यो पनि मान्नु हुन्छ कि ईमान भनेको हृदयमा भएको आस्था, र त्यस्को कुरा, र त्यस्को कर्तवय समेत अँग द्वारा गरिएको कार्य र मुखले भनेको कुराहरुको नाम हो, तसर्थ जस्ले ईमानको पुरापुरा हक अदा गर्नु हुन्छ भने त्यही सच्चा मोमिन हुन्छ, र त्यही पुरस्कारको हकदार हुन्छ र सजायबाट मुक्ति पाउँछ, र जस्ले यस्मा जे जति कमी गर्नु हुन्छ भने त्यति नै त्यस्को ईमान पनि कम हुन्छ, यसै कारण हामीले के भन्छौं भने सुकम र पुण्यले ईमानमा बढोत्रि हुन्छ, र पाप र दुष्कमले ईमानमा कमी हुन्छ।

एउटा मोमिनले यस कुराको गवाही दिनुपर्दछ कि मोहम्मद ﷺ अल्लाहको सेवक र रसुल अर्थात सन्देष्टा हुनुहुन्छ, अल्लाहले वहाँलाई मार्गदर्शन र सत्य धर्मका साथ पठाइएको छ, ताकि अरु धर्महरु माथि विज्यता प्राप्त गरोस, मोमिनहरु माथि वहाँको हक स्वयम आफनो प्राण भन्दा अधिक छ, मोहम्मद ﷺ समस्त

नबीहरुको लागि समापक हुनु हुन्छ अर्थात अन्तिम नबी हुनुहुन्छ, मानव र दानवको लागि शुभसुचक, र सचेतक हुनुहुन्छ, उनीहरुलाई अल्लाह तिर बोलाउनको लागि प्रकाशमान, र ज्योति हुनुहुन्छ, अल्लाहले वहाँलाई धर्म र जगतको सुधारका लागि पठाउनु भएकोछ, ताकि मानिसहरु एक अल्लाहको पुजा गरोस, जस्को साझेदार कोही पनि छैन, र यस्का लागि अल्लाहले प्रदान गरेको जीवीका द्वारा सहायता प्राप्त गरोस । मोमिनलाई यस कुराको ज्ञान हुनु पर्दछ कि मोहम्मद ﷺ सबभन्दा महान ज्ञानी, सच्चा, शुभेच्छुक, र सही गलत बयान गर्नेवाला हो, र यसै कारण एउटा मोमिनले वहाँको इज्जत र सम्मान गर्नु पर्दछ, माया गर्नु पर्दछ, वहाँको मायालाई सबै मानिसहरुको माया भन्दा उच्च स्थान दिनुपर्दछ, धर्मको असुल (महत्व पुर्ण कुराहरु) र फोरुअ (नियम कानुनहरु) मा वहाँको अनुसरण गर्नु पर्दछ, वहाँको कुरा र वहाँको तरिकालाई अन्य सबैको कुरा र तरिका भन्दा माथि राखनु पर्दछ । र यो ईमान राखनु पर्दछ कि अल्लाहले वहाँलाई यस्ता यस्ता खुबी, गुण, र बिशेषताहरु प्रदान गरेको छ जस्तो अरु कसैलाई प्रदान गरेको छैन, तसर्थ वहाँको स्थान सबै मानिसहरु भन्दा उच्च छ, र वहाँको दर्जा सबभन्दा महान र ठुलो छ, हरेक गुणमा वहाँ अरु सबै भन्दा प्रिपुर्ण हुनुहुन्छ, पुण्यको यस्तो कुनै काम छैन जस्को खबर वहाँले आफनो समुहलाई नदिएको र पापको पनि कुनै यस्तो काम छैन जस्बाट वहाँले आफनो समुहलाई सचेत नगरेको होस ।

त्यस्तै एउटा मोमिनले अल्लाहको तर्फबाट अव्तरित भएको हरेक किताब प्रति ईमान राख्नु पर्दछ, अल्लाहले पठाएको हरेक रसुल प्रति ईमान राखनु हुन्छ, उनीहरु मध्ये जस्को बारेमा जानकारि छ अथवा जस्को बारेमा जानकारि छैन सबै प्रति इमान राखनु

हुन्छ, रसुलहरुको बीच कुनै प्रकारको भेदभाव गर्नु हुँदैन, र यो मान्नु हुन्छ कि हरेक रसुलको निमन्त्रन चाहिं एउटै हो, र त्यो मात्र एक अल्लाहको पुजा र उपासना गर्नु हो जस्को कोही साझेदार छैन ।

भाग्यको हरेक कुरा प्रति ईमान राखनु हुन्छ, र यो ईमान राखनु हुन्छ कि अल्लाहले मानिसहरुको राम्रो, नराम्रो हरेक कार्यको जानकारि राखेको छ, कलमले लेखिसकेको छ, र वहाँको इच्छा लागु भइसकेको छ, ती हरेक कुरामा वहाँको बुद्धि काम गरिरहेको छ, अल्लाहले मानिसहरुलाई शक्ति र इच्छा प्रदान गरेको छ जस्ले गर्दा उनीहरु आफनो इच्छा अनुसार केही भन्ने र गर्ने अवसर पाउनु हुन्छ, कुनै कार्यमा अल्लाहलले बाध्यता गरेको छैन, बरु हरेक कार्यलाई उनीहरुको इच्छा प्रति छोडिदिएको छ, आफनो न्याय र बुद्धि द्वारा मोमिनहरुको मन्मा ईमानलाई प्रिय र सुन्दर बनाएको छ र नास्तिकवाद, ठुलठुला पाप, र अन्य हरेक पापलाई अप्रिय बनाइदिएको छ ।

असुलको कुराहरु मध्ये यो पनि छ कि एउटा मोमिन्ले शुभेक्षाको कार्य गर्नु पर्छ, अल्लाहको लागि, ग्रन्थको लागि, रसुलको लागि, र मुस्लिमहरु मध्ये हाकिम, र जन्ता सबैको लागि, इस्लामी नियम अनुसार सुकमको हुकुम दिनु पर्छ र दुशकमबाट रोक्नु पर्छ, आमा बुवा सँग उच्च व्यवहार गनु पर्छ, सम्बन्धि, नातादार, घरछेमीकी, सबै हकदार, र सबै मानिसहरु सँग राम्रो व्यवहार गनु पर्छ, महान सोभाव र चरित्रको निमन्त्रन पेश गनु पर्छ, र नराम्रो चरित्र र भ्रषट आचरणबाट मनाही गर्नु पर्छ । यस कुरामा विशवास राखनु पर्छ कि सबभन्दा महान मोमिन त्यो हो जस्को कर्म र चरित्र सबभन्दा उत्तम हासे, जुन् सबभन्दा

सच्चा होस, पुण्य र भलो कार्यमा सबभन्दा अगाडि होस, र दुर्ष्कममा सबभन्दा अधिक टाँढा होस ।

एउटा मोमिनलाई यस कुराको ज्ञान हुनुपर्दछ कि कयामत सम्म अल्लाहको लागि जिहाद जारि रहनेछ, र जेहाद इसलामको शान हो, ज्ञान र प्रमाणको जिहाद, र हातहतीयारको जिहाद, हरेक मुस्लिम माथि आफनो क्षमता अनुसार धर्मको रक्षा गर्नु अनिवार्य छ, र जिहाद चाहिं हाकिमको क्षेत्रछायामा हुनु पर्छ, हाकिम भलो मान्छे होस वा पापी होस, यदि जिहादको शर्तहरु उपलबध छ, र त्यस्को कारण पाइएको छ भने ।

र त्यस्तै असुलको कुराहरु मध्ये यो पनि छ कि मुस्लिमहरुको बीच एक्ताको प्रयास गर्ने, त्यस्लाई ध्यानमा राखने, र त्यसका लागि उनीहरुलाई प्रेरित गर्ने, उनीहरुको मुटुलाई जोडने, र शत्रुता, छलकपट, बिभाजित हुनुबाट रोकने र सचेत गर्ने, र यस्को लागि हरेक प्रकारको उपायलाई प्रयोगमा ल्याउने, त्यस्तै मानिसहरुको ज्यान, धन सम्पत्ति, इज्जत, र अरु सबै हक अधिकार प्रति अपराधको रोकथाम गर्ने, र मुस्लिम अथवा नास्तिक हरेक सँग हरेक मामलामा ईन्साफ र न्यायको आदेश दिने ।

मोमिनले यो ईमान राखनु पर्दछ कि मोहम्मद ﷺको समुदाय अरु सबै समुदायहरु भन्दा महान र सम्मानित हुनुहुन्छ, र उनीहरु मध्ये रसुल ﷺको साथीहरु अति महान हुनुहुन्छ, खास गरि खोलफा-ए-राशेदीन, स्वर्गको प्रमाण पाएको दस व्यक्तिहरु, बद्रको युद्ध, र बैअते रिजवानमा उपस्थित भएको व्यक्तिहरु, र मोहाजिर र अन्सार मध्ये प्राथमिक्ता प्राप्त गरेको व्यक्तिहरु ।

तसर्थ एउटा मोमिनले चाहिं रसुल ﷺको साथीहरु सँग माया गर्नु पर्दछ, र यस्लाई आफनो धर्म सम्झनु हुन्छ, उनीहरुको

खुबीको प्रचार गर्नु हुन्छ र उनीहरुको बारेमा भनेको नराम्रो कुराहरु प्रति चुपलाग्नु हुन्छ ।

त्यस्तै धर्मज्ञानी, सत्य बाटो देखाउने, न्याय गर्ने हाकिम, र अरु सबै धार्मिक व्यक्तिहरुलाई सम्मान गर्ने आफनो धर्म सम्भनु हुन्छ, र अल्लाह सँग प्रार्थना गर्नु हुन्छ कि अल्लाह उनीहरुलाई हरेक प्रकारको सन्देह, शिर्क, नेफाक, र नराम्रो चरित्रबाट बचाइ राखोस, र मृत्यु सम्म नबी ﷺ को धर्म माथि सवल राखोस ।

**यही त्यो ठुलो नियम र असुलहरु छन् जसमाथि मुक्ति पाउने समुहको ईमान छ , र यसै तिर सबैलाई बोलाउनु हुन्छ ।**